जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६ पृष्ठः ४ | २०८२ बैशाख ३१ गते बुधबार (Wednesday 14 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेश प्रदेशका वन मन्त्री साह नै योजनाका ठेकेदार, कमिसन लिन जंगलमा पोखरी !



सिरहा, ३० वैशाख। सुशासनको महिमागान गाएर नथाक्ने डाक्टर सिके राउत नेतृत्वको जनमत पार्टीको नेतृत्वमा अहिले मधेश सरकार छ। सुशासनकै नाराले मधेश सरकारमा पुग्न सफल यो पार्टीका जनप्रतिनिधि भने अहिले भ्रष्टाचारमा लिप्त छन्। जनमतबाटै वन तथा वातावरण मन्त्री बनेका त्रिभुवन साहको अभिव्यक्तिले उनको पार्टी मात्र हैन प्रदेश सरकार नै बदनाम भइरहेको छ। तर पनि उनले न झुठो अभिव्यक्ति दिन छोडेका छन् न त आफ्नो कार्यशैलीनै परिवर्तन गरेका छन्। मन्त्री साहले विचौलिया र स्वयम् आफैंले पनि योजनाको चिट्ठी बिक्रीवितरण गरिरहेका छन्। पछिल्लो पटक उनले बिक्री गरेकै योजनाको शिल्यान्यास गर्दै विरोधीहरुले आफ्नो बारे भ्रम फैलाउन थालेको बताए। उनले अनियमितता गरेको समाचार एकपछि अर्को आइरहँदा समेत उल्टै विज्ञप्ति निकालेर समाचारप्रति विश्वास नगर्नु भन्दै आफू 'पानी माथिको ओभानो' बन्न खोजिरहेका छन्।

उनले भनेका छन्, 'मिडियामा मेरो धेरै कुराहरू आयो। तर पनि मेरो एउटै सोच विकास प्रेमी हो। हामी विकास गर्नका लागि सरकारमा आएका हौं। विरोधीहरु विरोध गर्दै गर्छन्।' मन्त्री साहको यो अभिव्यक्तिपछि फेरि मन्त्री साहले बिक्री गरेका योजनाहरु पछ्याउँदै जाँदा उनले आफ्नै जेठा दाईलाई योजना दिएको प्रमाणहरु फेला परेको छ। सिरहाको गोलबजार नगरपालिका-१ बलडाँडाको गागन खोलाको पूर्वी किनारमा श्री नेत्र ज्योती महिला

**-बाँकी दुई पेजमा**

## नवविवाहित युवतीको मृत्यु, हत्या गरिएको माइती पक्षको दाबी

**सञ्जय मिश्रा**

रौतहट, ३० वैशाख। रौतहटको कटहरिया नगरपालिकामा विवाह भएको ६ महिना नपुग्दै एक जना युवतीको शंकास्पद मृत्यु भएको छ। माइती पक्षले दाइजोको कारण हत्या गरिएको दाबी गर्दै घटनाको छानबिन गरी कडा कानुनी कारबाही हुनुपर्ने माग गरेका हुन्। कटहरिया ३ बडेरवा टोलमा घर भई हाल कटहरिया-५ बजार क्षेत्रमै घर भएका अरमान राय भाटकी श्रीमती २१ वर्षीया सानीया प्रविनको मृत्यु भएको हो। आइतबार दिउँसो आफ्नै घरको कोठामा साडीको पासो बनाई सिलिङ फ्यानमा झुन्डिएको अवस्थामा सानियाको शव भेटिएको प्रहरीले जनाएको छ। घटनाको खबर लगतै ईलाका प्रहरी कार्यालय कटहरिया र ईलाका प्रहरी कार्यालय गरुडाको संयुक्त टोलीले घटनास्थलमा पुगेर मुचुल्का तयार गरी शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाएको थियो।

मृतकको पोस्टमार्टम भएर शव सतगतको लागि मृतक सानियाका आमा भारतको बिहार पूर्वी चम्पारण जिल्ला सुगौली घर भएकी कायमा खातुनले बुझेर लागेको प्रहरीले जनाएको छ। मृतककी आमा कायमा खातुनका अनुसार सानीयाको विवाह करिब ६ महिना अघिमात्र अरमान राय भाटसँग मुस्लिम परम्परा अनुसार भएको थियो। विवाहपछि ज्वाइँ अरमानले निरन्तर दाइजोको लागी छोरी सानियालाई अनेक प्रकारको शारीरिक तथा मानसिक यातना दिँदै आएको उनको आरोप छ।

ज्वाइँ तथा उनको परिवारले

**-बाँकी तीन पेजमा**

## पिडित परिवारको अवस्थाबारे जानकारी लिन एसपी अनन्त राम शर्मा स्वयं पुगे पीडितको घर

लहान, ३० वैशाख। सिरहा जिल्लाको नवराजपुर गाउँपालिका-१, भगवतिपुर सदाय टोलमा केही समयअघि घटेको घटनामा मृतक रिंकु सदा सम्बन्धी घटनाको अनुसन्धान तथा पिडित परिवारको अवस्था बुझ्न जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) अनन्त राम शर्मा स्वयं घटनास्थलमा पुगेको छ। वैशाख २९ गते एसपी शर्माले मृतक रिंकु सदाको आमा सिता देवी

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## पूजा गरेर फर्कँदै थिए, टिपरले ज्यानै लियो



**विनय आजाद**

सिरहा, ३० वैशाख। मिर्चैया-कटारी सडकखण्ड अन्तर्गत मिर्चैया नगरपालिका-७ स्थित बाख्रा बजारमा टिपरको ठक्करबाट एक जना वृद्धको ज्यान गएको छ। मंगलबार बिहान पौने ६ बजेको समयमा स्थानीय ६५ वर्षीय महेन्द्र महराको टिपरको ठक्करबाट ज्यान गएको हो। सोही ठाउँमा रहेको मन्दिरमा पूजा गरेर फर्किरहेका उनलाई सिमेन्ट उद्योगका लागि चुनढुंगा बोकेको बा प्र-०१-००४ क २९५३ नम्बरको टिपरले ठक्कर दिएको थियो। तीव्र गतिको उक्त टिपरको ठक्करका कारण घटनास्थलमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ। अत्यधिक तीव्र गतिका कारण टिपर पनि घटनास्थलमै पल्टेको थियो।

**-बाँकी तीन पेजमा**

**स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं**

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूजींमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,
- अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पीडितले स्वीकार्ने आयोग बनाऊ !

सङ्क्रमणकालीन न्यायका मुख्य सरोकारवाला द्वन्द्वपीडितको चासो बेवास्ता गर्दै सत्यनिरूपण तथा मेलमिलाप तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष एवं सदस्यहरूको नाम सिफारिस गरिएको समाचार सार्वजनिक भएको छ। सरकारले यी दुवै आयोगका अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्न केही पहिले सर्वोच्च अदालतका अवकाशप्राप्त प्रधान न्यायाधीशको अध्यक्षतामा समिति गठन गरेको थियो। विगतमा पनि दुईपटकसम्म गठन भए पनि दुवै आयोगले आफ्नो कार्य सम्पन्न गर्न सकेका थिएनन्। मूलतः दलगत भागबन्डामा नियुक्त आयोगका पदाधिकारीले राजनीतिक नेताहरूको स्वार्थ रक्षा गर्न पीडितहरूको हितलाई उपेक्षा गर्दा विगतका आयोगहरू असफल भएका थिए।

यसपटक पनि आयोगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस समिति दलगत भागबन्डाकै आधारमा गठन गरिएको थियो। मूलतः यही कारणले सिफारिस समितिप्रति द्वन्द्वपीडितका प्रतिनिधिहरू असन्तुष्ट थिए। समितिले यसपटक पनि द्वन्द्वपीडितको चासोलाई उपेक्षा गरेर आयोगमा नियुक्तिका लागि नाम सिफारिस गरेको छ। सिफारिस समिति नै दलगत भागबन्डामा गठन भएकाले त्यसको सिफारिसको आधार पनि सोही हुनु उचित नभए पनि अस्वाभाविक र अनपेक्षित थिएन। यस्तै दलगत भागबन्डाका आधारमा गठित आयोगहरूबाट सङ्क्रमणकालीन न्याय टुंगिनेछैन भन्ने विगतको अनुभवका आधारमा सजिलै भन्न सकिन्छ।

गठन नहुँदैदेखि आयोगहरूप्रति सङ्क्रमणकालीन न्यायका मुख्य सरोकारवाला द्वन्द्वपीडितहरूको धारणा सकारात्मक देखिँदैन। विशेषगरी आयोगमा द्वन्द्वपीडितको प्रतिनिधित्व र तटस्थ तथा सार्वजनिकरूपमा विश्वास गर्न सकिने व्यक्तिहरू अध्यक्ष होऊन् भन्ने आवाज नसुनिएको उनीहरूको गुनासो छ। द्वन्द्वपीडित सङ्क्रमणकालीन न्यायका मुख्य सरोकारवाला भएकाले त्यसमा आफ्नो निर्णायक हुनुपर्छ भन्ने मतलाई अन्यथा भन्न मिल्दैन। राजनीतिक नेताहरूको बुझाइ जे भए पनि संक्रमणकालीन न्यायको उद्देश्य र अर्थ मानवताविरुद्धको अपराधमा संलग्न राजनीतिक दलका नेतालाई चोख्याउने वा कार्यकर्तालाई राज्यको ढुकुटीबाट पोस्ने पक्कै होइन। यसबीच द्वन्द्वपीडितहरूका प्रतिनिधिले प्रधानमन्त्रीलगायत ठूला दलका प्रमुखहरूलाई भेटेर आयोग आफ्ना धारणा प्रस्तुत गरेका थिए। राजनीतिक नेताहरूले पनि आयोग गठन गर्दा पीडितहरूको सरोकारको सम्मान गरिने आश्वासन दिएका थिए। तर, सिफारिस समितिले नाम सिफारिस गर्दा भने नेताहरूको आश्वासनअनुरूप नभएको सन्देह बढेको छ। द्वन्द्वपीडितका प्रतनिधिहरूले यसपटक पनि दलगत भागबन्डाकै आधारमा आयोग गठन गरिए नागरिक आयोग बनाएर अगाडि बढ्ने चेतावनी दिएका छन्। सिफारिस समितिका पदाधिकारीले भने पीडितहरूको चेतावनीलाई प्रतिष्ठाको प्रश्न बनाएको र आयोगको मानवीय पक्ष तथा औचित्यलाई गौण ठानेको देखियो।

द्वन्द्वपीडितहरू नागरिक आयोग बनाउनुपर्ने अवस्थामा पुग्नु सबैका लागि दुर्भाग्यपूर्ण हुनेछ भने सङ्क्रमणकालीन न्याय सम्पादन झन् जटिल बन्नेछ। सरकारी आयोगको नैतिक वैधता हुनेछैन भने नागरिक आयोगले कानुनी वैधता पाउनेछैन। यसबाट पीडितहरूमा साथै मानव अधिकार समुदाय पनि क्षुब्ध र निराश हुनेछन्। सङ्क्रमणकालीन न्यायलाई जटिल हुन नदिने हो भने द्वन्द्वपीडितको चासोलाई निर्णायक महत्त्व दिइनुपर्छ। राजनीतिक भागबन्डाका आधारमा आयोग बनाउने प्रवृत्ति त्यागेर पीडितहरूको मागअनुसार इमानदार एवं योग्य व्यक्तिहरूलाई जिम्मा दिने हो भने सम्भवतः सङ्क्रमणकालीन न्याय सम्पादन पनि अपेक्षाकृत सहज हुनेछ। न्यायको त कम्तीमा 'बन्दरबाँट' नगर !

# समृद्धिको आधार हुलाकी राजमार्ग



धर्बेन्द्रकुमार झा

मुलुकका पूर्वपश्चिम जोड्ने गरी निर्माण भएका प्रमुख तीन राजमार्गमध्येका पर्छ, हुलाकी सडक। महेन्द्र राजमार्ग, मध्यपहाडी लोकमार्ग र हुलाकी सडकले पूर्वी सीमादेखि पश्चिम सीमासम्म छिचोलेका छन्। पूर्वी तराईदेखि पश्चिमी तराईसम्म निर्माण हुँदै गरेको हुलाकी राजमार्गलाई तराई–मधेशको 'लाइफलाइन' भनिन थालिएको छ। हुलाकी राजमार्ग पूर्वपश्चिम राजमार्गसँग समानान्तर भई १५ देखि २० किलोमिटर दक्षिणतर्फ भएर फैलिएको हो। बूढापाकाको भनाइ अनुसार यो बाटो राणाकालीन समयमा चिठीपत्र ओसारपोसारमा प्रयोग हुने गरेको थियो। त्यसैले यसलाई हुलाकी राजमार्ग भनिएको हो। यो सडक तराई/मधेशका सबै जिल्लालाई जोड्ने पहुँच मार्ग पनि हो। तराई मधेशका बस्तीमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य लिएर निर्माण सुरु गरिएको मधेशको पूर्वमा झापादेखि पश्चिममा कञ्चनपुरको दैजीसम्म हुलाकी सडकका रूपमा प्रयोगमा आएको छ।

आव २०६५/६६ बाट सुरु भएको यस राजमार्गको निर्माण सुरुमा भारत सरकारले गर्ने भन्ने सम्झौता भएको थियो। त्यसका लागि नेपाल सरकारले हुलाकी राजमार्ग क्षेत्रमा हुने पुल निर्माण, साइड क्लियरेन्स र विद्युत् पोल सार्ने कार्य गरिदिनुपर्ने भारतीय पक्षको सर्तबमोजिम भारतको भिस्वा कम्पनीसँग निर्माणका लागि सम्झौता भएको हो। उक्त कम्पनीले जनकपुर–जटही र जनकपुर–जलेश्वर–भिट्ठामोड सडकखण्डमा माटो खसाल्ने काम पनि गर्‍यो। नेपाल पक्षले गर्नुपर्ने काम समयमा नगरिदिएको गुनासो गर्दै सो कम्पनीले काम बन्द गरिदियो। पछि नेपाल सरकारले भारत सरकारले दिने पाँच अर्ब रुपियाँ सहयोगको सहमति अनुसार हुलाकी राजमार्ग अन्तर्गतको १० वटा सडकखण्डमा काम सुरु गर्ने तय भयो। तराई मधेशमा निर्बाध आवागमन र सामाजिक, आर्थिक, गतिविधि विस्तार हुने भएकाले हुलाकी राजमार्गलाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा कार्यान्वयनमा ल्याइएको हो।

**लम्बाइ र लागत**

तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै एक हजार ८५७ किलोमिटर लामो हुलाकी राजमार्गमा यातायातको सहज पहुँच विस्तार हुँदा यस क्षेत्रको सन्तुलित विकासमा ठुलो प्रभाव पर्ने देखिएको छ। तराई मधेशका करिब एक करोड २० लाख जनता हुलाकी राजमार्गबाट लाभान्वित हुने अनुमान गरिएको छ। तराई मधेशका सबै जिल्ला भएर जाने र बहुसङ्ख्यक जनसङ्ख्यालाई प्रत्यक्ष रूपले लाभान्वित तुल्याउने यस सडकलाई आर्थिक वर्ष २०६६/६७ देखि नेपाल सरकारले छुट्टै आयोजना खडा गरी अध्ययन, डिजाइन र निर्माणको काम अघि बढाउँदै आएको छ। हुलाकी राजमार्ग अन्तर्गतको सम्पूर्ण सडक सञ्जालको कुल सडक लम्बाइमध्ये पूर्वदेखि पश्चिमसम्मको लम्बाइ ९७५ किलोमिटर रहेको छ भने उत्तरदेखि दक्षिण जोडिने सहायक सडकको लम्बाइ ८१७.४२ किलोमिटर रहेको छ। जसमा थप तीन वटा सडक समावेश भई थप लम्बाइ ६५ किलोमिटर समावेश भएको हुँदा उत्तरदेखि दक्षिण जोडिने सहायक सडकको कुल लम्बाइ ८८२.४२ किलोमिटर पुगेको हो।

हुलाकी राजमार्गको कुल लागत ६५ अर्ब २० करोड रुपियाँ रहेकोमा हाल आएर आयोजनाको संशोधित लागत एक खर्ब एक अर्ब ९३ करोड रुपियाँ रहेको छ। हुलाकी राजमार्ग अन्तर्गत तीन सय वटा पुल निर्माण गर्नुपर्नेमा २०८१ चैत मसान्तसम्ममा १४८ वटा पुलपुलेसा निर्माणसम्पन्न भइसकेका छन्। तीन सय किलोमिटर सडक र ६८ वटा पुल निर्माणाधीन अवस्थामा छन्। हुलाकी राजमार्ग निर्माणका लागि २०८१ चैत मसान्तसम्ममा ६७ अर्ब ९८ करोड १६ लाख ५१ हजार रुपियाँ खर्च भइसकेको छ। आव २०८३/८४ सम्ममा सम्पन्न गरी सक्ने लक्ष्य लिए पनि समयमै पूरा हुन्छ भन्न सकिने अवस्था छैन। समयमै काम पूरा नभएपछि लागत रकम बढ्दै गएको छ। बजेटको अभावमा अहिले पनि सडक निर्माणदेखि पुलपुलेसाको काम जुन गतिमा अगाडि बढ्नुपर्ने थियो, सो हुन सकेको छैन।

**ढिलो हुनुको कारण**

हुलाकी राजमार्ग निर्देशनालयको तथ्याङ्क अनुसार परियोजना सुरु भएदेखि २०८१ चैत महिनासम्ममा एक हजार ३२० किलोमिटर सडक निर्माणको काम सम्पन्न भइसकेको छ। सहरी क्षेत्रमा सडक सीमा एवं मुआब्जा विवाद हुनु, कञ्चनपुर जिल्लामा शुक्लाफाँटा निकुञ्ज क्षेत्रमा रेखाङ्कनको समस्या हुनु, दुम्कीबास–त्रिवेणी खण्डमा काम गर्न विवाद हुनु र पर्याप्त बजेट विनियोजन नहुनुले पनि कामले तीव्रता नलिएको हो तर पनि हुलाकी राजमार्ग अन्तर्गतका धेरै जसो सडकको निर्माणले तराई मधेश क्षेत्रको मुहार फेरिएको अनुभव हुन्छ। तराई मधेशमा सम्पर्क सञ्जाल बढेको छ। विभिन्न जिल्ला सदरमुकाम एकअर्कासँग जोडिनुका साथै सहरदेखि ग्रामीण क्षेत्रमा पनि आर्थिक गतिविधि बढेको छ। विगतमा राम्रो कालोपत्रे सडक नभएका कारण बालबालिकालाई पठनपाठनका लागि विद्यालय जान र स्वास्थ्योपचारका लागि विभिन्न खालका समस्याको सामना गर्नु पर्थ्यो। तराई मधेशका जिल्लामा हुलाकी राजमार्ग अन्तर्गत कालोपत्रे सडक निर्माणले गर्दा सर्वसाधारणको स्वास्थ्य र शिक्षामा पहुँच हुनुको साथसाथै ग्रामीण क्षेत्रको जग्गाको मूल्यवृद्धि भएको छ। सडकछेउमा ठुलठुला भवन निर्माण भएर व्यापार व्यवसाय फस्टाएको छ। विगतमा राज्यलाई शान्तिसुरक्षा प्रदान गर्नमा विभिन्न खालका समस्याको सामना गर्नु परेको थियो। गाउँघरमा चोरीडकैतीका घटना दिनदहाडै हुन्थे। अहिले व्यापक सुधार भएको छ। शान्तिसुरक्षामा सुधार आउनुका साथै कृषि उत्पादनको बजारसम्म पहुँच भएको छ। किसानले आफ्ना खेतबारीमा उब्जाएका बालीनाली नजिकको बजारसम्म सजिलै पुर्‍याएर मनग्गे आम्दानी गरिरहेका छन्। जसले गर्दा उनीहरूको जीवनशैलीमा निकै सुधार आएको छ।

**तराई मधेशको 'लाइफलाइन'**

ग्रामीण क्षेत्रका बासिन्दालाई विभिन्न जिल्लाका सदरमुकामसम्म पुग्न समय नलाग्ने भएको छ। मधेश क्षेत्रको दक्षिणी क्षेत्रमा बसोबास गर्नेको जीवनशैलीमै परिवर्तन आएको छ। सुक्खायामको धुलो र वर्षायामको हिलोमा हिँड्न बाध्य यस क्षेत्रका बासिन्दाको आवागमन मात्रै सहज भएको छैन, आर्थिक हैसियतमा पनि सुधार आएको छ। कुनै बेला एम्बुलेन्स र दमकल पनि पुग्न नसक्ने दक्षिणी भूभागका ग्रामीण बस्तीमा सडकको विकासले यातायात सहज बनाउँदा अहिले स्कुल बस, मलखाद बोकेको गाडी, कृषि उपजलाई बजार पुर्‍याउन सवारीसाधनको पहुँच सहज भएको छ। हुलाकी सडकले यस क्षेत्रका बासिन्दालाई नयाँ जीवन प्रदान गरेकाले यो राजमार्गलाई तराई मधेशको 'लाइफलाइन' भन्नु अतिशयोक्तिपूर्ण होइन।

सडक विकासले यस क्षेत्रका गाउँलाई सहरोन्मुख बनाउँदै शिक्षा, कृषि, स्वास्थ्य तथा समग्र सामाजिक परिवेशमा सकात्मक परिवर्तन ल्याएको छ। ग्रामीण भेगका बासिन्दाको पनि विद्युत्, इन्टरनेट जस्ता आधुनिक सुविधामा पहुँच भएको छ भने पूर्वदेखि पश्चिम जोड्ने नेपालकै पहिलो सडक बर्सौंको प्रतीक्षापछि निर्माण हुँदा यस भेगका ग्रामीण क्षेत्रलाई ठुला सहरसँग जोडेकाले पनि कृषि, व्यापार, व्यवसायलगायतका सबै क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ।

**सहरीकरण वृद्धि हुँदै**

हुलाकी राजमार्गकै कारण धनुषाको तिनकौरिया, यदुकोहा, महोत्तरीको पिपरा, गौशाला सम्सी, सप्तरीको सदरमुकामदेखि १६ किलोमिटर पश्चिममा रहेको बोदेबरसाइनसहितका स्थान अहिले जिल्लाका ठुला व्यापारिक केन्द्रका रूपमा विकसित हुन थालेका छन्। सडक निर्माण नभएका बेला यी स्थानमा पुग्नका लागि घण्टौँ समय लाग्ने गरेको थियो। हुलाकी राजमार्ग अन्तर्गतका सडकको निर्माणले विभिन्न स्थानमा दर्जनौँ ससाना चोक तथा हाटबजार लाग्नुका साथै होटेल, सयौँ पेट्रोल पम्प पनि सञ्चालनमा आउनुले सहज आवतजावत मात्र नभई रोजगारी र व्यावसायिक अवसर पनि सिर्जना भएको छ। मधेश प्रदेशबाट दिनहुँ ठुलो सङ्ख्यामा बिदेसिने युवा अहिले अटोरिक्सा चलाउनुका साथसाथै सडकछेउमा ससाना व्यापार व्यवसाय सञ्चालन गरेर बस्न थालेका छन्।

बर्सौंसम्म हुलाकी सडक धुलाम्मे र हिलाम्मे रहँदा नागरिकलाई आउजाउ गर्न असाध्यै समस्या भएकोमा सडक कालोपत्रे भएपछि यी समस्याबाट आमनागरिकलाई छुटकारा मिलेको छ। हुलाकी राजमार्ग अन्तर्गतको धनुषा र सिराहालाई जोड्ने कमला नदीको पुल निर्माण भएमा सप्तरी, सिराहा र धनुषाका बासिन्दालाई प्रदेशको राजधानी जनकपुरधाम आउनमा सहज हुने भएकाले कमला नदीको पुल निर्माणको साथसाथै हुलाकी राजमार्ग अन्तर्गतका निर्माण हुन बाँकी रहेका पुलपुलेसा र सडकको निर्माणलाई तीव्रता दिनु जरुरी छ।

## मधेश प्रदेशका ...

सामुदायिक वन भित्र पोखरी निमार्ण गर्न १० लाखको योजना कोटेशन मार्फत दिएको खुलेको छ। वन मन्त्री साहले कोटेशनमार्फत उक्त स्थानमा पोखरी निमार्ण गर्न आफ्नै दाई शत्रुधन साहलाई योजना दिएको खुलेको हो। मन्त्री साह आफैंले नेत्र ज्योती महिला सामुदायिक बन उपभोक्ता समितिहरुसँग योजनाको लागि माग गर्न लगाएर काम आफैंले गराउने शर्तमा सहमति गरी उक्त पोखरी निमार्ण कार्यको जिम्मा दाई शत्रुधनलाई दिएको वन उपभोक्ता समितिका अध्यक्ष गंगा देवी पूर्वेले जानकारी दिइन्। उनले भनिन्, 'हामीले काम गर्न सहमति मात्र दिएका छौं। वन तथा वाातावरण मन्त्री त्रिभुवन साह आफैं आएर तपाईंहरुलाई एउटा पोखरी निमार्ण गरिदिन्छु भनेपछि हामीले सहमति मात्र दिएको हो। हामीलाई पोखरीको आवश्यकता पनि थियो। त्यसैले हामीले मन्त्री साहलाई सहमति दियौं। काम उनका दाई शत्रुधनले नै गराएको हो।'

पानी जम्मा पार्न पोखरी खनेको भएपनि उक्त पोखरीमा पानी जम्नेमा आफूहरु विश्वस्त नरहेको स्थानीय बताउँछन्। उनीहरुले यो सुख्खा क्षेत्र भएकाले यतिको गहिराईमा पानी नजम्ने जिकिर गर्छन्। यता, योजनाको काम गराउने मन्त्रीका दाईसँग स्थानिय बनेर फोन गर्दा उनले पनि उक्त योजनाको काम आफैंले गराएको स्वीकार गरे। १० लाखको योजनामा आठ लाख पच्चास हजार रकम मात्र निकासा पाएको साहले बताए। उनले भने, 'जम्मा दश लाखको बजेट थियो। हामीलाई प्राविधिकहरुले रकम काटेर ८ लाख पच्चास हजार मात्र निकासा दिएको छ। हामीले योजनाभन्दा बढीको काम गरेका छौं। तरपनि कम भुक्तानी पायौं।' मन्त्री साहले आफैंले योजनाको काम गर्ने गरेको यो एउटा उदाहरण मात्र हो। मन्त्री साहले नामकै लागि उपभोक्ता समिति बनाएर काम भने आफन्तबाट आफैंले गर्ने गरेका छन्। मन्त्री साहको पहिलो प्रयास आफैंले काम गर्ने, नसके वडा अध्यक्षहरुलाई रकम दिने प्रलोभन देखाउने र त्यस्तो पनि नभए स्थानीय साना व्यवसायीलाई योजना बिक्री गर्ने रहेको छ।

मन्त्री साहले आफ्नो आसेपासे कार्यकर्ता तथा स्वयम आफैं पनि योजनाका चिट्ठीहरु लिएर योजना परेका वडा वडामा गएर योजना हात लिने गरेका छन्। उनका एक निकट व्यक्तिले नाम नलिने सर्तमा भने, 'कमिशनकै लागि मन्त्रीले योजनाको चिट्ठी ल्याउने र काम आफन्तबाट गराउने गरेका छन्।' उपभोक्ता समिति गठन गर्न चिट्ठी सम्बन्धित वडामा पठाउनुपर्ने हो। तर, मन्त्री साह आफैं वडाहरुमा गएर वडा अध्यक्षहरुलाई समेत आर्थिक प्रलोभन देखाएर नामको उपभोक्ता समिति बनाउने र आफन्तको नाम प्रयोग गरि काम आफूले गर्ने गरेका छन्। मन्त्री साहले योजना ल्याउने, योजनाका लागि आवश्यक पर्ने ग्राभेल, बालुवा, गिट्टी, सिमेन्टहरु पनि आफैंले दिने गरेको देखिन्छ। मन्त्री आफैंले पनि अनाधिकृत रुपले ग्राभेल स्टोक गरेर राखेका छन्। यो उनी आफैंले पनि स्वीकार गरेका छन्। मन्त्री साहले विकासको नाममा लुट मच्चाइरहेका छन्। प्रणाली र नियमकानुन आफ्नै हातमा लिएर हिँडेका छन्। तर पनि उनीमाथि न कसैले प्रश्न गर्न सक्छ न कसैले उजुरी नै दिन सक्छ। मन्त्री साहको यस्तो हर्कतको विषयमा पटक पटक राष्ट्रिय सञ्चार माध्यममा समाचार प्रकाशित भएपनि सम्बन्धित निकायबाट न अनुगमन भएको छ न त स्पष्टीकरणका लागि कुनै पहल भएको देखिन्छ।

# मनुस्मृतिमा लेखिएको छ, यस्ता खानाले शरीर बलियो र निरोगी हुन्छ

मनुस्मृतिलाई मनु सहिंता पनि भनिन्छ, जुन प्राचीन ग्रन्थ हो। यसले सामाजिक, नैतिक जीवनका विभिन्न पक्षलाई मार्गदर्शन गर्छ। यस ग्रन्थमा खानपानका नियमहरू प्नि समावेश छन्, जसले शारीरिक, मानसिक र आध्यात्मिक शुद्धताका लागि उपयुक्त आहारको वर्णन गर्छ। मनुस्मृतिको पाँचौ र छैटौं अध्यायमा खानपानका नियमहरूको विस्तृत वर्णन छ। यी नियमहरूले खानेकुराको प्रकार, तयारी, र सेवनको विधिलाई जोड दिन्छन्। मनुस्मृतिले खानपानलाई शारीरिक स्वास्थ्य मात्र नभई, मानसिक शुद्धता र आध्यात्मिक उन्नतिसँग पनि जोड्छ। यी नियमहरू वर्ण र आश्रम ( ब्रह्मचर्य, गृहस्थ, आदि) अनुसार फरक–फरक छन् ।



**कस्तो खानेकुरा खाने ?**

मनुस्मृतिले शुद्ध, सात्विक र स्वास्थ्यवर्धक खानेकुरालाई प्रोत्साहन गर्छ। यी खानेकुराहरूले शरीरलाई पोषण दिन्छ, मनलाई शान्त राख्छ, र आध्यात्मिक विकासमा सहयोग गर्छ।

**शाकाहारी भोजन**

मनुस्मृतिले शाकाहारी भोजनलाई प्राथमिकता दिन्छ, विशेष गरी ब्राह्मणहरूका लागि। अनाज (जस्तै, गहुँ, चामल, जौ), दाल (मुग, मसुर), तरकारी, फलफूल, र दूधजन्य पदार्थलाई शुद्ध र सात्विक मानिन्छ। उदाहरणः गहुँको रोटी, चामल, सागपात (पालक, मेथी), फल ( आँप, केरा), र दूध, दही, घिउ। **'जो व्यक्ति सात्विक भोजन गर्छ, उसको मन शुद्ध हुन्छ र धर्ममा प्रगति हुन्छ' ।**

**प्राकृतिक र ताजा खानेकुरा**

मनुस्मृतिले ताजा, मौसमी, र प्राकृतिक रूपमा उब्जाएको खानेकुरालाई जोड दिन्छ। बासी, सडेको, वा कृत्रिम रूपमा प्रशोधित खानेकुरालाई निषेध गरिएको छ। उदाहरणः ताजा तरकारी, फल, र अनाज। 'ताजा र शुद्ध भोजनले आयु र बल बढ्छ' ।

**दूध र दूधजन्य पदार्थ**

दूध, दही, घिउ, र पनीरलाई पवित्र र पौष्टिक मानिन्छ। गाईको दूधलाई विशेष महत्त्व दिइएको छ, किनकि गाईलाई हिन्दू धर्ममा पवित्र मानिन्छ। उदाहरणः दूधबाट बनेको खीर, दही, र घिउ मिसाइएको भोजन। 'गाईको दूध र घिउले शरीर र मनलाई पवित्र बनाउँछ' ।

**आयुर्वेदिक र सन्तुलित भोजन**

मनुस्मृतिले आयुर्वेदिक सिद्धान्तअनुसार सन्तुलित भोजन गर्न सुझाव दिन्छ। खानेकुरा शरीरको प्रकृति (वात, पित्त, कफ) र मौसमअनुसार हुनुपर्छ। उदाहरणः गर्मीमा चिसो प्रकृतिको खानेकुरा (दही, फल) र जाडोमा तातो प्रकृतिको खानेकुरा (घिउ, मसला)। 'प्रकृतिअनुसार भोजनले रोगबाट बचाउँछ' ।

**स्वच्छ र शुद्ध तरिकाले तयार गरिएको भोजन**

मनुस्मृतिले खानेकुरा स्वच्छ र शुद्ध वातावरणमा तयार गर्नुपर्ने जोड दिन्छ। शुद्ध मन र शरीर भएको हुनुपर्छ। उदाहरणः स्नान गरेर र शुद्ध मनले बनाएको खाना। 'शुद्ध हृदयले बनाएको भोजनले मन र शरीरलाई पवित्र बनाउँछ' ।

**कस्तो खानेकुरा नखाने ?**

मनुस्मृतिले केही खानेकुरालाई अशुद्ध, तामसिक, वा स्वास्थ्य र आध्यात्मिकताका लागि हानिकारक मानेर निषेध गरेको छ। यी खानेकुराहरूले मनलाई अशान्त, शरीरलाई रोगी, र आत्मालाई अशुद्ध बनाउने विश्वास गरिन्छ।

**मांसाहार**

मनुस्मृतिले मांसाहारलाई कडाइका साथ निषेध गरेको छ, किनकि यो हिंसासँग जोडिएको छ। 'हिंसाबाट प्राप्त मांसले मनलाई अशुद्ध बनाउँछ' ।

**बासी र सडेको खानेकुरा**

बासी, सडेको, वा फोहोर खानेकुरालाई पूर्ण रूपमा निषेध गरिएको छ, किनकि यस्ता खानेकुराले रोग निम्त्याउँछ। 'बासी भोजनले शरीर र मनलाई दूषित गर्छ' ।

**लसुन, प्याज, र तामसिक खानेकुरा**

लसुन, प्याज, र मशरूम जस्ता खानेकुरालाई तामसिक मानिन्छ, जसले मनलाई उत्तेजित वा सुस्त बनाउँछ। 'तामसिक भोजनले बुद्धिलाई मलिन बनाउँछ' ।

**मदिरा र नशालु पदार्थ**

मदिरा र अन्य नशालु पदार्थहरूलाई पूर्ण रूपमा निषेध गरिएको छ, किनकि यिनले मनलाई भ्रमित र नैतिकताबाट विचलित गर्छ। 'मदिराले बुद्धि र धर्म नष्ट हुन्छ' ।

**स्वच्छताः** खानुअघि हात–मुख धुनुपर्छ र शुद्ध ठाउँमा खानुपर्छ। मात्राः अति खानु वा कम खानु दुवै हानिकारक छ। सन्तुलित मात्रामा खानुपर्छ।

**समयः** दिनको उचित समयमा (जस्तै, बिहान र बेलुका) खानुपर्छ। राति धेरै खानु निषेध छ।

**मनको शुद्धताः** खानुअघि प्रार्थना वा कृतज्ञता व्यक्त गर्नुपर्छ, जसले मनलाई शान्त बनाउँछ।

**अतिथि सत्कारः** अतिथिलाई खाना खुवाएर मात्र आफूले खानुपर्छ।

---

*पिडित परिवारको...*

सदासँग उनकै निवासमा पुगेर भेटवार्ता गरेको हो। पिडित परिवारको वर्तमान अवस्था, सुरक्षाको स्थिति तथा आवश्यक सहयोगबारे जानकारी लिन र आवश्यक आश्वासन दिन एसपी शर्मा भगवतिपुर पुगेको हो। भेटका क्रममा उनले पिडित परिवारलाई कानुनी सहायता, अनुसन्धानको प्रगति तथा राज्यको जिम्मेवारीबारे जानकारी गराउनुका साथै सुरक्षाको पूर्ण प्रत्याभूति गराएको थियो।

घटनाबारे गम्भीर अनुसन्धान भइरहेको भन्दै एसपी शर्माले दोषी जो भए पनि कानुनी दायरामा ल्याइने प्रतिबद्धता जनाए। स्थानिय बासिन्दाहरूका अनुसार पिडित परिवार लामो समयदेखि आर्थिक तथा मानसिक रूपमा पीडित अवस्थामा रहेको बताइएको छ। एसपी शर्माको यो उपस्थितिले पिडित परिवारमा केही राहत र आशा जागेको महसुस गरिएको छ। यस घटनाप्रति प्रहरी प्रशासन गम्भीर भएर अनुसन्धानमा जुटेको र पिडितलाई न्याय दिलाउने प्रतिवद्धतासहित काम भइरहेको प्रहरी स्रोतले जनाएको छ।

*नवविवाहित ...*

दिनेगरेको यातना सहन गर्न नसकेकोले उनीहरूले योजनाबद्ध तरिकाले सानियाको हत्या गरी आत्महत्या देखाउन खोजेको कायमाले दाबी गरेकी छिन्। घटनामा संलग्न अरमान सहित सबैलाई पक्राउ गरी कडा कानुनी कारबाही हुनुपर्छ सानियाको माइती पक्षले माग गरेको छ। माइती पक्षले छोरीको हत्या भएको भन्दै ईलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएको जनाएको छ। ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले घटनाको अनुसन्धान भइरहेको र अनुसन्धानपछि मात्र कानुनी प्रक्रिया अगाडी बढाइने बताए।

*पूजा गरेर फर्कँदै ...*

टिपरका चालक भने फरार भएको र उनको खोजी कार्य तथा घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, मिर्चैयाका प्रमुख डिएसपी राजेशराज पुरीले जानकारी दिए।

ठक्कर दिने टिपर कुन सिमेन्ट उद्योगका लागि चुनढुंगा बोकेको थियो भन्ने कुरा पनि अहिले खुल्न नसकेको प्रहरीले जनाएको छ। यो सडकखण्डबाट सिराहा र धनुषाका सिमेन्ट उद्योगले दैनिक १५ सयभन्दा बढी टिपरमा चुनढुंगा लैजाने गरेका छन्। टिपरको ठक्करले वृद्धको मृत्यु भएपछि स्थानीयले राजमार्गमा प्रदर्शन समेत गरेका छन्। सिमेन्ट उद्योगी र टिपर व्यवसायीले सर्वसाधारणको ज्यानलाई कुनै महत्त्व नदिएको र सरकारी निकायलाई आर्थिक लेनदेन गरी मिलाएर आतंक मच्चाउँदै आएको आरोप वडाध्यक्ष रामदयाल ठाकुरको छ। सिमेन्ट उद्योगका टिपर ओभरलोड हुने र तीव्र गतिमा चल्ने भएका कारण यस क्षेत्रमा वर्षौंदेखि दुर्घटना र धनजनको क्षति हुँदै आएको उनको भनाइ छ। स्थानीयले यसविरुद्ध आन्दोलन गर्दा सिमेन्ट उद्योगले वैकल्पिक बाटो बनाउने सहमति पटकपटक गरे पनि कार्यान्वयन नगरेको उनले बताए। 'आन्दोलन र दुर्घटना हाम्रा लागि नियति नै बनिसकेको छ, सिमेन्ट उद्योगहरूले पटकपटक वैकल्पिक बाटो बनाउने सहमति गरेका छन्, वैकल्पिक बाटो नबन्दासम्म गाउँ क्षेत्रमा बिस्तारै टिफर चलाउने सहमति पनि भएको छ,' उनले भने, 'तर, कार्यान्वयन कहिल्यै भएन।'

# गणतन्त्रपछिको मधेश




**मुलुकमा विसं २०६२/६३ को राष्ट्रिय जनआन्दोलनको उभारले राजतन्त्रको अन्त्य गरेपछि स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछि अबका दिनमा नेपाली जनताले शासनव्यवस्थाकै लागि सङ्घर्ष गर्नु नपर्ने भएको छ।**



सुरेन्द्रकुमार महतो
मुख्य न्यायाधिवक्ता
मधेश प्रदेश

प्रजातन्त्र प्राप्तिका लागि नेपाली जनताले विभिन्न समयमा ठुलो त्याग र बलिदान गरेका छन्। मुलुकमा भएको विसं २०६२/६३ को राष्ट्रिय जनआन्दोलनको उभारले राजतन्त्रको अन्त्य गरेपछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछि अबका दिनमा नेपाली जनताले शासनव्यवस्थाकै लागि संघर्ष गर्नु नपर्ने भएको छ। विसं २०६४ चैत २८ गते भएको संविधान सभाको निर्वाचनबाट गठित पहिलो संविधान सभाले २०६५ जेठ १५ गते नेपालबाट राजतन्त्रको अन्त्य गर्ने निर्णय गरेपछि नेपाली जनता सार्वभौम भएका छन्।

**गणतन्त्रको उपलब्धि**

केन्द्रीय सत्ताबाट ओझेलमा पारिएका मधेशी समुदायका डा. रामवरण यादव मुलुकको पहिलो राष्ट्रपतिका रूपमा निर्वाचित हुनु तराई मधेशका लागि गणतन्त्रले दिएको ठुलो उपलब्धि हो। मधेशी समुदायकै परमानन्द झा पहिलो उपराष्ट्रपतिमा निर्वाचित हुनुभयो। लैङ्गिक विभेदको अन्त्य भएको प्रमाणस्वरूप दोस्रो राष्ट्रपतिमा विद्यादेवी भण्डारी निर्वाचित हुनुभयो। विभेदमा परेको अर्को समुदाय जनजातिबाट नन्दकिशोर पुन नेपालको दोस्रो उपराष्ट्रपतिमा निर्वाचित भएर विगतमा भएको विभेदको क्षतिपूर्ति भइसकेको छ। यसै गरी साधारण ब्राहरुमण परिवारबाट रामचन्द्र पौडेल तेस्रो राष्ट्रपतिका रूपमा र मधेशी समुदायबाटै रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित हुनु युगान्तकारी परिवर्तनको उपलब्धि हो। यसबाट जनता नै सर्वोच्च हुने संवैधानिक व्यवस्थालाई संस्थागत गरेको छ। आमनेपाली जनताको पहुँचभन्दा बाहिर राज्यको कुनै पनि पद नरहने व्यवस्थाको प्रत्याभूति भएको छ।

भन्ने गरिन्छ, गणतन्त्रको विकल्प उन्रुनत गणतन्त्र मात्रै हो। गणतन्त्रको विकल्पमा अर्को कुनै व्यवस्था छैन। एकात्मक ढाँचाको राज्यले सिर्जना गरेको जातीय, भाषिक, सामुदायिक, लैङ्किक, क्षेत्रीयलगायतको विभेदको अन्त्य गर्न संघीय ढाँचामा राज्यको पुनर्संरचना गर्ने नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्थापश्चात् संविधान सभाबाट २०७२ असोज ३ गते जारी गरेको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा स्थापित गर्‍यो। बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, भौगोलिक विविधता भएको मुलुकमा संघीय ढाँचाको राज्य संरचनाले भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्दै सबैको आकाङ्क्षाको सम्मान र सबैको सहभागिताको सुनिश्रुचित गरेको छ।

विविधतामा एकतालाई व्यवहारमा उतार्ने सबैभन्दा प्रभावकारी व्यवस्था संघीयता हो। यसले केन्द्रमा साझा शासन र प्रदेश तथा स्थानीय तहमा स्वशासन प्रदान गर्दा राष्ट्रियतालाई बलियो बनाउन मद्दत पुग्छ। राज्यउपर सबैको स्वामित्व भाव जगाउँछ। विकासनिर्माणमा तीव्रता ल्याउँछ। संघीय व्यवस्था ल्याउन मधेश र मधेशीको नेतृत्वदायी भूमिका रहेको छ। कैयौं मधेशीले प्राण आहुति दिएको परिणामस्वरूप संघीयता आएको हो। सबैभन्दा ठुलो विभेदको खाडल मधेशमै थियो। अब भने विभेदमा परेका जाति समुदायको पहिचान कायम भएको छ। शिर ठाडो पारेर गौरवका साथ मधेशीले आफूलाई मधेशी भन्रुन पाएका छन्। पूरै देशले मधेश र मधेशीको पहिचान स्विकारेको छ। यो उपलब्धिप्रति सिङ्गो तराई मधेशले गौरवबोध गरेको छ।

**संघीयताको उपलब्धि**

संघीयताकै कारण मधेशी, जनजाति, थारू समुदायका व्यक्ति प्रदेश प्रमुख तथा कार्यकारी मुख्यमन्त्री बन्रुन पाएका छन्। नेतृत्व क्षमता विकास गर्ने अवसर वृद्धि भएको छ। राष्ट्रनिर्माणमा नेतृत्वदायी र प्रभावकारी रूपमा सहभागी हुने अवसर सबैलाई प्राप्त भएको छ। प्रदेश र स्थानीय तहले विकासनिर्माणको आवश्यकता आफैँले पहिचान गरी योजना बनाई विकासनिर्माण सम्पादन गर्न पाएका छन्। परिणामस्वरूपमा मुलुकमा विकासनिर्माणले फड्को मारेको अनुभव हुन्छ। प्रदेश र स्थानीय तहले आफ्नो आवश्यकता अनुसार आफ्नो कानुन आफैँ बनाउन पाएका छन्। आफैँले बजेट बनाउन पाएका छन्। प्रदेश र स्थानीय तहमा देश चलाउन सक्ने नेतृत्वको विकास भइरहेको छ।

मधेशको पहिरन र खानपानले राष्ट्रिय मान्यता प्राप्त गरेको छ। धोती, कुर्ता र गम्छा नेपालको राष्ट्रिय पहिचान बनेको छ। मधेश मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, महिलासमेतले संवैधानिक मान्यता पाएका छन्। मधेशी आयोग, थारू आयोग, आदिवासी जनजाति आयोग, मुस्लिम आयोगले संविधानमा स्थान पाएबाट अबका दिनमा कोही पनि विभेदमा नपर्ने स्पष्ट भइसकेको छ। संघ सरकारले इमानदारीपूर्वक संघीयता कार्यान्वयनसम्बन्धी कानुन निर्माण गरेर प्रहरी प्रशासन, निजामती सेवा, गुठी तथा जग्गा व्यवस्थापन अभिलेखलगायतको प्रदेशको संवैधानिक हक अधिकार प्रदेशमा हस्तान्तरण गरेमा संघीयतालाई थप सबल र प्रभावकारी बनाउन सकिन्छ।

गणतन्त्रको विकल्प उन्रुनत तथा सुदृढ गणतन्त्र हो। गणतन्त्रको अर्को कुनै पनि विकल्प छैन। केही दल र नेताको कमजोरीका कारण देखिएको बेथिति, भ्रष्टाचार, विकृतिलगायतको दोष गणतन्त्र र संघीयतामाथि पोख्नु युक्तिसङ्गत देखिँदैन। आवधिक निर्वाचनको माध्यमबाट जनताले भ्रष्ट नेताको विस्थापन गर्न सक्नु पर्छ। आमजनता, नागरिक समाज र प्रेस जगत् जागरुक रहनु पर्छ। एउटा खराब दलको विकल्प अर्को दल हुन सक्छ। दल र व्यक्तिको कमीकमजोरी र दोषको भागीदार संघीय र समावेशी लोकतान्त्रिक गणतन्त्र हुनु हुँदैन। नेपालको संविधानले प्रदेशलाई प्रदान गरेको अधिकार हस्तान्तरणमा ढिलाइ हुनुले प्रादेशिक व्यवस्थामा चुस्तता आउन नसकेको यथार्थ हो। संघीय लोकतान्त्रिक गणतन्त्रको औचित्य र उपयोगिता पुष्टि भइसकेकाले विकल्पको खोजी कतैबाट पनि किमार्थ हुनु हुँदैन।

# करेन्ट लागि ज्यान गुमाएका परिवारलाई पाँच लाख सहयोग

रौतहट, ३० वैशाख। रौतहटको गरुडा नगरपालिकामा करेन्ट लागि ज्यान गुमाएका एक अमिनको परिवारलाई पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरिएको छ। गरुडा नगरपालिकामा कार्यरत रही निधन भएका अमिन रामजी साहको परिवारलाई मेयर कन्थमणि जैसवालको पहलमा उक्त रकम पालिकाको कोषबाट सहयोग गरिएको हो। मेयर जैसवालले एक कार्यक्रमका बिच स्वर्गीय साहकी श्रीमती रुनी कुमारी साहलाई पाँच लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन्। थोरै भएपनि सहयोग गरेर परिवारजनको पीडामा मलम लगाउने प्रयास गरिएको मेयर जैसवालले बताए। केही महिना अघि एक निर्माणाधीन भवनको नाप जाँच गर्नेक्रममा भवनको छतको माथिबाट गएको १२ हजार भोल्टको बिद्युत् तारमा करेन्ट लागेर २५ वर्षीय साहको मृत्यु भएको थियो।

# सीटीईभीटीले एसईईमा प्राप्त गरेको जीपीए अंकका आधारमा विद्यार्थी भर्ना गर्ने

काठमाडौं, ३० वैशाख। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले माध्यमिक शिक्षा परीक्षा (एसईई)मा प्राप्त गरेको 'जीपीए' अंकका आधारमा विद्यार्थी भर्ना गर्ने भएको छ। विगतमा प्रवेश परीक्षा लिएर त्यसैका आधारमा विद्यार्थी भर्ना गर्ने गरेकोमा सीटीईभीटीले अबदेखि प्राप्त जीपीएका आधारमा भर्ना गर्न लागेको हो। सीटीईभीटीका परीक्षा नियन्त्रक उमेश मिश्रले यही शैक्षिकसत्रबाट जीपीएका आधारमा विद्यार्थी भर्ना गर्ने जानकारी दिनुभयो। अब विद्यार्थीले सीटीईभीटीअन्तर्गतका जुनसुकै विषय पढ्न प्रवेश परीक्षा दिन नपर्ने भएको हो।

कतिपय पूर्वतयारी कक्षा चलाउनेहरूले विद्यार्थीलाई प्रवेश परीक्षा उत्तीर्ण गराउने भन्दै रकम लिएको गुनासो समेत आएको उनको भनाइ छ। सीटीईभीटीले प्रि–डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्नासम्बन्धी निर्देशिका–२०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ। निर्देशिकामा एसईई परीक्षामा प्राप्त जीपीए आधारमा योग्यताक्रम सूची तय गर्ने व्यवस्था गरिएको छ। मिश्रका अनुसार सरकारी वा सामुदायिक विद्यालयबाट एसईई उत्तीर्णलाई थप अंकभारबापत एक र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अंकभार वापत ० दशमलव ८५ दिने व्यवस्था गरिएको छ।

सीटीईभीटीले पढ्न चाहने विद्यार्थीका लागि अनलाइनमार्फत फारम भर्ने व्यवस्थासमेत गरेको छ। आङ्गिक र सम्बन्धनप्राप्त निजी क्याम्पसले त्यस्ता विद्यार्थीको फारम भर्न सहजीकरण गर्नेछन्। निजी कलेजहरूले यसअघि नै ग्रेडका आधारमा भर्ना गर्न माग गर्दै आएका थिए। देशभर ६३ आङ्गिक र प्रतिष्ठान एवम् निजी गरी चार सयभन्दा बढी कलेज रहेका छन्। ती कलेजमा २५ हजारभन्दा बढी नयाँ विद्यार्थी हरेक वर्ष भर्ना हुने गरेको परीक्षा नियन्त्रक मिश्रले बताए।

# यादव परिवारमाथि कुटपिट प्रकरण : ३ जना पक्राउ, अन्य फरार




**विद्यानन्द राम**

राजविराज, ३० वैशाख। जग्गा विवादमा अदालतबाट न्याय पाएका सप्तरीको बोदेबरसाईन नगरपालिका–१ धनगढीका यादव परिवारमाथि कुटपिट गर्ने तीन पक्राउ परेका छन्। 'कान्तिपुर'ले सोमबार समाचार सार्वजनिक गरेपछि मंगलबार उनीहरुलाई पक्राउ गरिएको हो। कुटपिटमा संलग्न सोमनीदेवी मण्डल, आरती मण्डल र रिताकुमारी मण्डललाई पक्राउ गरिएको एसपी ढकेन्द्र खतिवडाले बताए। पक्राउ परेकी सोमनीदेवी शम्भू मण्डलकी पत्नी हुन् भने आरती स्व.मेदी मण्डलकी बुहारी। तीनै जनालाई मंगलबारै ईलाका प्रहरी कार्यालय बोदेबरसाईनबाट जिल्लामा झिकाइएको छ। 'ठाडो उजुरीअनुसार कुटपिटमा संलग्न रहेकामध्ये तीन जनालाई नियन्त्रणमा लिइसकेका छौं, अन्यको पनि खोजी हुँदैछ,' उनले भने, 'घाउजाँच रिपोर्ट र आउने जाहेरीअनुसार मुद्दा प्रक्रिया अघि बढाउँछौं।'

पक्राउ परेकासहित ६/७ जनाको समूहले गत बुधबार सुजानदेवी यादवकी छोरीहरु १६ वर्षीया अम्बिकाकुमारी र १४ वर्षीया ललिताकुमारी कुटपिट गरेका थिए। कुटपिटबाट गम्भीर घाइते भएकी दिदीबहिनीको ७ दिनदेखि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज उपचार भइरहेको छ। उनीहरुको टाउकोमा पनि चोट लागेको छ। आर्थिक रुपमा विपन्न रहेकी उनीलाई चिकित्सकले 'सिटी स्क्यान' गराउन सुझाव दिए पनि अस्पतालमा उपकरण बिग्रिएकाले 'सिटी स्क्यान' गराउन सकेकी छैन्।

छिमेकी शम्भू र स्व.मेदीले सप्तरी जिल्ला अदालतमा सुजानदेवीका पति खुसीलाललाई विपक्षी बनाएर 'खिचोला मेटाई घर उठाई चलन' सम्बन्धी मुद्दा दायर गरेका थिए। २०७२ जेठ २६ गते सो मुद्दामा फैसला गर्दै न्यायाधीश तेजनारायण पौडेलले कित्ता नम्बर १६७ को ८ धुर गाउँ ब्लक जग्गामा रहेको घर पाताल भए वा उठाएर नलगेसम्म वादी (शम्भू र मेदी) को हक नलाग्ने ठहर गरेका थिए। फैसलापछि त्यहाँबाट आफूहरुलाई विस्थापित गर्न पटक–पटक कुटपिट गर्दै धम्की दिँदै आएको सुजानदेवीको भनाइ छ।

# अनुमति बिना सप्तरीमा आठ विद्यालय सञ्चालनमा



**विनय कर्ण**

सप्तरी, ३० वैशाख। सप्तरीको दुई वटा पालिकामा अनुमति नै नलिई आठ वटा विद्यालय सञ्चालनमा रहेको पाइएको छ। जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सप्तरीले सुरु गरेको निजी तथा संस्थागत विद्यालयहरुको अनुगमनमा कञ्चनरुप नगरपालिकामा दुई वटा र हनुमाननगर कंकालिनी नगरपालिकामा छ वटा गरी आठ विद्यालय अनुमति बिना सञ्चालनमा रहेको पाइएको हो। उच्च अदातलत जनकपुर राजविराज इजलासले अनुमति बिनाको थप कक्षा सञ्चालन नगर्न नगराउन वैशाख १९ मा आदेश दिएपछि समन्वय इकाईले यही वैशाख २८ बाट विद्यालयहरुको स्थलगत निरीक्षण तथा अनुगमन गरिरहेको छ।

स्थलगत निरीक्षणकै क्रममा मंगलबार कञ्चनरुप नगरपालिका पुगेका टोलीले दुईवटा विद्यालय अनुमतिभन्दा माथिल्लो तहको कक्षा सञ्चालन गरिरहेको पाएको हो। ब्राइट फ्युचर एकेडमीले ३ कक्षाको अनुमति लिएर ७ कक्षासम्म विद्यार्थी भर्ना गरी पठन पाठन गराई रहेको र माउन्ट एभ्रेष्ट विद्या मन्दिर ६ कक्षासम्मको अनुमति लिएर ८ कक्षासम्म सञ्चालन गरिरहेको पाइएको जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिए। "कञ्चनरुपमा पूरै पालिका स्थलगत निरीक्षण गर्न बाँकी रहेको र अहिलेसम्मको निरीक्षणमा दुईवटा विद्यालय अनुमति पाएको भन्दा माथिल्लो तहसम्मको पठन पाठन सञ्चालन गरेको पाइयो" उनले भने।

यसअघि आइतबार सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा छ वटा निजी विद्यालयले अनुमति नलिएर कक्षा सञ्चालन गरेको पाइएको थियो। स्थलगत निरीक्षण तथा अनुगमन टोलीले हनुमाननगर बजार क्षेत्रका निजी तथा संस्थागत विद्यालयहरूको स्थलगत निरीक्षण गर्दा आधा दर्जन विद्यालय मापदण्ड विपरित अनुमति पाएको भन्दा माथिल्लो तहसम्मको कक्षा सञ्चालन गरेको पाइएको जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिए। मापदण्ड विपरित सञ्चालनमा रहेको विद्यालयहरुमा शिक्षादीप बोडिङ स्कुलले कक्षा दुईसम्म अनुमति लिएर कक्षा पाँचसम्म पठनपाठन गराइरहेको, गौतम बुद्ध आइडियल स्कुलले पूर्व प्राथमिक तहको अनुमति लिएर कक्षा पाँचसम्म, ग्रीन ल्याण्ड एकेडेमीले कक्षा एक को अनुमति लिई कक्षा चारसम्म पठनपाठन गराइरहेको पाइएको छ।

यस्तै, आन्नद प्राइभेट एजुकेसनल गुठीले कक्षा एकको अनुमति लिएर कक्षा आठसम्म, आरपी मेमोरियल स्कुलले कक्षा एक को अनुमति लिइ कक्षा सातसम्म तथा ब्राइट फ्युचर एकेडेमीले अनुमतिनै नलिएर कक्षा तीनसम्म पठनपाठन गराउँदै आएको शाखा अधिकृत यादवले बताए। अनुमित नलिएर कक्षा सञ्चालन गर्दै आएको त्यस्ता विद्यालयहरुलाई अनुमति लिएर मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको समन्वय इकाई सप्तरीका शाखा अधिकृत यादवले जानकारी दिए। "कि त अनुमति लिनुस्, कि त कक्षा सञ्चालन बन्द गर्नुस्" भन्ने निर्देरशन दिएको उनले भने। "यो पहिलो चरणको अनुगमन हो, हामी दोस्रो चरणको अनुगमन पनि थाल्छौं, विधि प्रक्रिया नपुऱ्याए र अनुमति बिना सञ्चालनमा रहेका त्यस्ता विद्यालय उपर कानुनी कारबाही हुन्छ," यादवले भने।

जिल्ला शिक्षा विकास तथा समन्वय इकाईका शाखा अधिकृत यादव, नगरपालिकाको शिक्षा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि शिवनाथ मण्डल र शाखा प्रमुख हरिनारायण साह स्थलगत निरीक्षण तथा अनुगमनमा सहभागि भएको थियो।

# आपराधिक गतिविधि, तस्करी पूर्ण रूपमा नियन्त्रण गर्न निर्देशन

रौतहट, ३० वैशाख। मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले आपराधिक गतिविधि,तस्करी पूर्ण नियन्त्रण गर्न कडा निर्देशन दिएका छन्। मधेस प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेका पछि पहिलो पटक दुई जिल्ला प्रहरी कार्यालयको निरीक्षण गरेका छन्। डिआईजी चतुर्वेदी मंगलवार जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला प्रहरी कार्यालय सर्लाहीको स्थलगत अनुगमन निरीक्षण गरेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी नेत्र मणि गिरीले डिआईजी चतुर्वेदीको स्वागत गरेका थिए। जिल्ला प्रहरी कार्यालय रौतहटको प्राङ्गणमा डिआईजी चतुर्वेदीले पिर्के सलामी लिएसँगै थुनुवा कक्ष, मुद्धाशाखा, हतियार भण्डारण कक्ष लगायत अन्य शाखाहरूको निरीक्षण गर्दै एसपी गिरी, जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार राय, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्की, इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी राजकुमार राई सँगै निरीक्षण कार्यक्रममा उपस्थित प्रायः जिल्लाका सम्पूर्ण युनिट प्रमुखहरू लाई एकै ठाउँमा राखेर कडा निर्देशन दिएका छन्।

सत्य सेवा सुरक्षणको मूल मन्त्र सम्झिएर नागरिकको ज्यान धानको सुरक्षामा कुनै कमी नगर्न उनले निर्देशन दिएका हुन्। डिआईजी चतुर्वेदीले भारतबाट हुने गरेको विभिन्न किसिमका सामानको तस्करी, र आपराधिक क्रियाकलाप पूर्ण नियन्त्रण गर्न कडा निर्देशन दिएको एसपी गिरीले बताएका छन्। त्यस्तै जिल्ला प्रहरी कार्यालयदेखि सम्पूर्ण प्रहरी युनिटमा काम विशेषले आउने सेवाग्राहीको समस्या सुनेर समाधानको पहल गर्न निर्देशन दिएका छन्। त्यस्तै कुनै पनि कार्यालयमा बिचौलियाको प्रवेश पूर्ण रूपमा निषेध गर्न निर्देशन दिएका छन्। फरार प्रतिवादी पक्राउ गर्न तदारुकता देखाउने, तस्करीको सामान नियन्त्रण गर्न ज्यानको सुरक्षा गर्ने, बिहेवारि, घरायसी कामकाजको सामानको लागी सहज व्यवस्थापन गर्न र घुमुवा प्रहरीको नाउँमा तस्करसँग लेनदेन,व्यापारी माझ आतंक नमच्चाउन निर्देशन दिएका छन्।

निर्देशन विपरीत कार्य गर्ने जो कोहीलाई कडा कारबाही गर्ने डिआईजी चतुर्वेदीले बताए। डिआईजी चतुर्वेदीले जिल्ला प्रहरी कार्यालय रौतहट अघि मंगलवार जिल्ला प्रहरी कार्यालय सर्लाहीको निरीक्षण गरेका थिए। तत्कालीन मधेस प्रदेशका प्रहरी प्रमुख डिआईजी लालमणि आचार्य एआईजीमा बढुवा भएपछि उनको ठाउँमा चतुर्वेदी आएका हुन्।


## सावधानी अपनाबू, आइगलगीस" बच्

गर्मी महिनामे आइगलगीके घटना बेसी होइत अइछ। तैं सचेत रहनाई आवश्यक अड्छ।

१. सलाई, लाइटर जकाँ आइग लगैबला सामान बच्चाके पहुँचसँ दूर राखू। चुल्हामे भन्सा भ गेलाक बाद आइग निक जकाँ बुताबू।
२. सम्भव होय त घर, ओफिस आ संवेदनशील ठाममे आइग बुताबैवाला यन्त्र राखू।
३. घर भितर नइँ नुकाबू, बाहर निकैलके परिवारक सदस्यसबके साथ सुरक्षित स्थानमे जाउ।
४. आइगलगी भ' गेलापर हल्ला कऽ के लोगके जानकारी दैत सुरक्षित ठाममे जाउ।
५. धुइयाँ भेल ठामसँ पेटकुनियाँ पाइरके या घुसकुनियाँ माइरके बाहर निकलु।
६. कपडामे आइग लड्ग जाए त' नइँ दौडू, आइग मिझाके मात्रे भागू।
७. पेट्रोल, मट्टीतेल जकाँ जल्दी आइग पकरैवाला चीज बच्चास' दूर राखू।
८. आइग नियन्त्रण बाहर बुझाय त वारुणयन्त्र (पाइन गाडी) वा १०० नम्बरमे पुलिसके फोन करू।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)